आज मिति २०७८।०५।१४ गतेका दिन यस चौदण्डीगढी नगरपालिका नगर प्रमुख श्री खगेन्द्र राई ज्यूको अध्यक्षतामा नगर-कार्यपालिकाको बैठक तपसिलको उपस्थितिमा बस्यो।

## तपसिल उपस्थिति

1. श्री खगेन्द्र राई - नगर प्रमुख
2. श्री रिता कुमारी चौधरी - उप-प्रमुख
3. श्री रोहितमान लामाङ - अध्यक्ष वडा नं. १
4. श्री सन्तोष सुवेदी - ,, २
5. श्री परशुराम राई - ,, ३
6. श्री चरण कुमार राई - ,, ४
7. श्री देव नारायण चौधरी - ,, ५
8. श्री कमलध्वज राई - ,, ६
9. श्री तेजराज तिम्सिना - ,, ७
10. श्री श्याम कुमार मगर - ,, ८
11. श्री प्रकाश राउत - ,, ९
12. श्री राम कुमार खड्का - ,, १०
13. श्री देवी कार्की - कार्यपालिका सदस्य
14. श्री जानुका कमा - ,,
15. श्री मदन कुमारी कार्की - ,,
16. श्री विमला राई - ,,
17. श्री आस्मिता नेपाल - ,,
18. श्री प्रमिला पतुवा - ,,
19. श्री सुन्दर प्रकाश साह - ,,
20. श्री शिव प्रसाद हुमगाई - प्रमुख प्रशासकीय अधिकृत

## प्रस्तावहरु

1. "युवा रोजगारीका लागि रूपान्तरण पहल आयोजना" अन्तर्गतको प्राविधिक सहायक पदपूर्ति समिति गठन सम्बन्धमा।
2. फोहोरमैला व्यवस्थापन सम्बन्धमा।
3. वडा नं. २ को अस्थायी प्रहरी चौकीको माग सम्बन्धमा।
4. साना सिंचाई कार्यक्रम संचालनको आवश्यक सामान तथा व्यवस्था सम्बन्धमा।
5. चलनचल्तीको बाटोहरुको लागत कट्टा सम्बन्धमा।
6. यस नपा द्वारा गरेको Covid व्यवस्थापन सम्बन्धिको खर्च सार्वजनिकीकरण गर्ने सम्बन्धमा।
7. करारसेवामा प्राविधिक कर्मचारी नियुक्ति गर्ने सूचना आव्हान गर्ने सम्बन्धमा।

८. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको समपूरक र विशेष अनुदानको सम्बन्धमा ।

<u>छलफल तथा निर्णयहरु</u>

<u>नि.नं.१</u> प्रस्ताव नं. १ माथि छलफल गर्दा युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (संचाल तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम यस पालिकाको लागि प्राविधिक सहायक पदप्रति सम्बन्धि मिति २०७७/०४/२५ गते प्रकाशित सूचना अनुसार प्राप्त आवेदनहरुबाट प्राविधिक सहायक कर्मचारी छनौटको लागि कार्यविधि अनुसार तपसिलको छनौट समिति गठन गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

१. श्री शिव प्रसाद हुमेगाई - प्रमुख प्रशासकीय अधिकृत - अध्यक्ष
२. श्री सन्तोष राई - इन्जिनियर - सदस्य
३. श्री अर्जुन बस्नेत - रोजगार संयोजक - सदस्य सचिव

<u>नि.नं.२</u> प्रस्ताव नं. २ माथि छलफल गर्दा यस न.पा. क्षेत्रको विभिन्न बजारहरुमा हाल फोहर वर्गीकरण नगरी एकमुष्ट रुपमा फ्याकने गरेको हुँदा फोहर व्यवस्थापनमा समस्या देखिएको हुँदा न.पा. को मुख्य बजार वडा नं. ६ र ७ संगै अन्य बजार क्षेत्रमा समेत फोहरलाई कुहिने र नकुहिने फोहरहरुलाई वर्गीकरण गरी छुट्याएर राख्ने व्यवस्था मिलाउन येल (?) सरोकारवालाहरुलाई जानकारी गराउने साथै न.पा. द्वारा निर्माण गरिएको वडा नं. ६ र ७ को वडा नं. ६ को सिमानामा रहेको डम्पीङ साइडको सम्बन्धमा । आएको निवेदनको गुनासोको सम्बन्धमा आवश्यक व्यवस्थापन गरि डम्पिङ साइड सुचारु गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

<u>नि.नं.३</u> प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस न.पा.को वडा नं. २ गंगटे बस्ने बाबुराम कार्की समेत १५६ जनाको माग निवेदन अनुसार उक्त वडाको गंगटेमा अस्थायी प्रहरी चौकी स्थापना गर्ने सम्बन्धमा डि.एस.पी. सँग आवश्यक छलफल गर्ने निर्णय गरियो ।

Mandhu

नि.नं.४ प्रस्ताव नं. ४ माथि छलफल गर्दा साना सिंचाई अन्तर्गत यस नपाको क्षेत्रमा संचालन हुने सिंचाई योजनाहरु संचालनको लागि आवश्यक सामाग्री औजारहरु तथा औषधी हरु खरिद गर्ने तथा कामदारहरुको बिमा गर्ने सम्बन्धि आवश्यक कार्य अगाडी बढाउने निर्णय गरियो ।

नि.नं.५ प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नपाको मिति २०७ / / गतेको ~~निर्णय~~ नगर कार्यपालिकाको बैठक बाट नगरभरीका चलनचल्तिका बाटोहरुको लगतकट्टा गर्ने व्यवस्था मिलाउने र सोको रजिष्ट्रेशन वापतको खर्च नपाले व्यहोर्ने निर्णय भएको हुँदा उक्त निर्णय अनुसार चलन चल्तिका बाटोहरुको लगतकट्टा गर्ने सम्बन्धि कार्यहरु यथाशिघ्र रुपमा अगाडी बढाउनको लागि सबै वडा - कार्यालयहरुलाई जानकारी गराउने निर्णय गरियो ।

नि.नं.६ प्रस्ताव नं. ६ माथि छलफल गर्दा (Covid-19) कोरोना भाइरस -को संक्रमण रोकथाम तथा व्यवस्थापनको लागि यस नपाले नपाको विभिन्न वडामा संचालन गरेको क्वारेन्टीन र वडा नं. ६ (सातघरेमा) बेल्टारमा संचालित उदयपुर कोभिड-१९ अस्पताल (आइसोलेशन सेन्टर) संचालन व्यवस्थापनमा भएको हाल सम्मको सम्पूर्ण खर्चहरुको विवरण पत्रकार सम्मेलनको आयोजना गरि सार्वजनिकिकरण गर्ने निर्णय गरियो ।

नि.नं.७ प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस नपाको लागि तपसिलका पदहरुमा प्राविधिक कर्मचारीहरु ~~को~~ को पद रिक्त रहेकोले नियमित कामकाज संचालनमा समस्या भएको हुँदा तपसिलका पदहरुमा करारसेवामा प्राविधिक कर्मचारी नियुक्ति गर्ने सम्बन्धि सार्वजनिक सूचना आव्हान गर्ने निर्णय गरियो ।

तपसिल

1. सिभिल इन्जीनियर (छैटौतह) - १ जना
2. ना.प्रा.से.प्रा. (सहायकस्तर चौथो) - २ जना
3. सब-इन्जीनियर सिभिल (सहायकस्तर पाँचौ) - १ जना
4. ना.प. सेवा.प्रा. (सहायकस्तर चौथो) - २ जना

[signature]

नि॰ नं॰ ८ प्रस्ताव नं. ८ माथि छलफल गर्दा नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं. ४६ मिति २०७७/०५/०८ गतेको परिपत्र अनुसार यस नपा को गत आ॰व॰ २०७६/७७ मा नेपाल सरकारबाट सशर्त — समपुरक र विशेष अनुदान अन्तर्गत प्राप्त बजेटबाट खरिद प्रक्रिया अगाडी बढाइएकोमा हाल विश्वभर महामारीको रूपमा फैलिएको कोभिड-१९ को कारणले दायित्व सृजना भएका तपसिलमा उल्लेखित योजनाहरुको विवरण को॰ले॰नि॰का॰ उदयपुर मार्फत सम्बन्धित निकायहरुमा पठाउने निर्णय गरियो ।

तपसिल

**कोभिड -१९का कारणले सृजित दायित्व सहितको समपुरक तथा विशेष अनुदान अन्तर्गतका योजना/कार्यक्रमहरुको विवरण**

| सि.न. | अनुदानको प्रकार | योजनाको विवरण | ठेक्का सम्झौता मिति | ठेक्का सम्झौता रकम मु.अ.कर. र कन्टिजेन्सी सहित रु. | कार्य सम्पन्न गर्नुपर्ने अवधि | गत आ.व. ०७६/७७ मा प्राप्त अनुदान रु. | खर्च भएको रु. | सृजित दायित्व रकम रु. |
|---|---|---|---|---|---|---|---|---|
| १ | समपुरक | नगरपालिका भवन निर्माण | २०७७ बैसाख ३१ | ५,८३,९४,२६६.८९ | २०७८ जेष्ठ ३१ | १,२९,००,००० | ० | १,२९,००,००० |
| २ | विशेष | राजधारा होगोमा सिद्धिपुर लिफ्ट सिस्टम क्रमागत खा.पा.यो. निर्माण | २०७६ चैत्र १० | १,१३,००,४२९.८० | २०७८ जेष्ठ ३१ | ५७,६९,९०० | ७,५०,००० | ५०,१९,९०० |